स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालको 'नम्बर वान' ओटीटीको रुपमा आफ्नो स्थान बनाएको सिनेमाघर एपमा लगातार सफल फिल्महरु रिलिज भइरहेका छन् । 'कबड्डी ४', 'जारी', 'महापुरुष', 'जय भोले', 'मंगलम' जस्ता सफल फिल्म रिलिज भइसकेको यो एपमा गत महिना 'चपली हाइट ३' आएको थियो । यसैबीच, शनिबारबाट एपमा अधिल्लो वर्षको सुपरहिट फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' रिलिज गरिएको छ ।

**आजको विचार...**



छन्दबहादुर पहराई मगर

रेसुङ्गाको... *(दुई पेजमा)*



फिल्म 'बोक्सीको घर' बक्स अफिसमा नपत्याउने खोला बनेर निस्कियो । 'चल्छ र ?' भनेर धेरैले आशंका गरेको यो फिल्मले हलमा प्रदर्शनको ५१औं दिन मनाउँदै १० करोडमाथि व्यापार गरेको छ । जबकि, फिल्ममा एक करोड पनि लगानी छैन । यो फिल्मबाट सबैभन्दा बढी फाइदा अभिनेत्री केकी अधिकारीलाई भएको छ । निर्मात्री समेत भएकाले उनले निकै ठूलो मुनाफा कमाएकी छन् । तर, फिल्म सफल भए पनि टिमभित्र मनमुटाव सुरु भएको छ ।

❐ वर्ष २९ ❐ अंक ३१८ ❐ २०८१ असार ३ गते सोमबार 17 June 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सास्तीमा छन् निसेलढोरवासी

### देशमा शासन व्यवस्थाका हिसाबले ठूलो परिवर्तन भए पनि यहाँका स्थानीयले अहिलेसम्म विकासको अनुभूति गर्न पाएका छैनन् ।

**रासस**

**ढोरपाटन (बागलुङ),** असार २/ काठैकाठले बनेका घर, ढुङ्गाका पर्खालले घेरिएका आलु बारी, बीचबीचमा स्याउका बोट, आफ्नै खाम भाषा, आफ्नै रीतिरिवाज र परम्परा, भिरालो जमिनमा टक्क मिलेर बसेको बस्ती, यस क्षेत्रमा पुग्ने जो कोहीलाई टाढैबाट आकर्षित गर्ने गन्तव्य हो ।

बागलुङको निसेलढोर जति प्राकृतिक सुन्दरताले भरिएको छ, त्यति नै यहाँ बस्ने नागरिकको समस्या र सास्तीको दुर्दान्त कथा छ । सामान्यत: निसेलढोरवासीको समस्या कति छन् भन्ने यहाँ पुग्ने धेरैले सहजै अड्कल गर्न सक्दैनन् । जिल्ला सदरमुकाम बागलुङ बजारदेखि सुदूरपश्चिममा रहेको निसेलढोर नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा पर्छ । विकासका हिसाबले निकै पिछडिएको यो ठाउँ पर्यटकीय सम्भावनाको हिसाबले भने अगाडि छ । अनेक समस्याका बाबजुद पनि निसेलढोरवासी वर्षौंदेखि यहाँ बस्दै आएका छन् । एक दशक अगाडिसम्म बर्खाको समयमा मात्रै ढोर बस्ने स्थानीय अहिले स्थायी रुपमा बस्दै आएका छन् । निसीखोला गाउँपालिका-५ मा पर्ने निसेलढोरमा अधिकांश बासिन्दा निसी गाउँबाटै गएर बसेका छन् । निसेलढोर लेकमा र निसी गाउँ बैंसीमा पर्छ । दशक अघिसम्म हिउँद बर्खा घुम्ती बसाइँ गर्ने स्थानीय मोटरबाटोले निसेलढोर जोडिएपछि अहिले करिब ६० घर परिवार स्थायी रुपमै यहीं बस्छन् । बर्खाको समयमा निसी गाउँबाट पशुचौपाया लिएर ढोर उक्लिने हुँदा असारदेखि कात्तिकसम्म केही परिवार मात्रै यहाँ रहन्छन् । एकै परिवारले सयौं वस्तुभाउ पाल्ने हुँदा लेकबेंसी गर्ने गर्छन् । परम्परागत खेतीपाती र पशुपालन गर्दै आएका स्थानीय भौतिक पूर्वाधारको विकास र अवसरको पर्खाइमा छन् । ढोरपाटन नगरपालिकाको केन्द्र बुर्तिबाङ बजारदेखि उत्तरगङ्गा ढोरपाटन हुँदै निसेलढोर सडकले जोडिए पनि हालसम्म निसीखोलाबाट सिधै सडक सञ्जालले भने जोडिन सकेको छैन । निसीखोला र निसेलढोरको बीचमा ठूला-ठूला पहाड रहेको हुँदा सिधा सडक सञ्जालले जोड्न कठिन भएको स्थानीय बताउँछन् । विद्युतको पहुँच अझै पुग्न नसकेको यस गाउँका बासिन्दा दाउरा, दियालो र टुकी बालेर रात कटाउनुपर्ने बाध्यतामा छन् । त्यति मात्रै होइन, स्वास्थ्य, शिक्षा, खानेपानीलगायत आधारभूत विकासको पहुँचसमेत पुग्न नसकेको स्थानीय सम्झना विश्वकर्माले बताईन । जंगलबाट घाँसदाउरा ल्याउन, वस्तुभाउ चराउन र खोलामा माछासमेत मार्न सिकार आरक्षले नदिँदा दैनिकी झनै कष्टकर बनिरहेको उनको भनाइ छ । वर्षौंदेखि निसेलढोरमै स्थायी रुपमा बस्दै आएको सुनाउने विश्वकर्माले गाउँ सडकले जोडिए पनि नियमित गाडी सञ्चालन नहुँदा सास्ती बेहोर्नु परेको बताइन । दशक अगाडि खुलेको सडकमा गाडी नचल्दा सामान ढुवानी र यात्रा गर्न निकै कठिन हुने गरेको छ । सडक खुले पनि स्थानीयले अहिलेसम्म ढोरपाटनको भुजी र नबीबाट दैनिक उपभोग्य सामान बोकेरै ल्याउनु परेको छ । हिउँदमा कहिलेकाहीँ गाडी चले पनि बर्खामा पूर्ण रुपमा ठप्प हुने उनको भनाइ छ । विश्वकर्माले भनिन्, 'निसेलढोरमा घर जग्गा मात्रै भएर के गर्ने, घाँस दाउराको लागि जङ्गल जानुपर्छ तर जङ्गलमा गएर घाँस दाउरा गर्दा सिकार आरक्षले ल्याउन दिँदैन, निउरो, च्याउ, अरू जङ्गली तरकारीहरु पनि ल्याउन दिँदैन, यहाँ फल्न आलु, सिमी, स्याउ हो, त्यसले मात्रै वर्ष दिन पुग्दैन ।' स्थानीय बलहादुर घर्ती मगरले देशमा शासन व्यवस्थाका हिसाबले ठूलो परिवर्तन भए पनि यहाँका स्थानीयले अहिलेसम्म विकासको अनुभूति गर्न नपाएको सुनाए । अहिले गाउँमा सबैभन्दा बढी आवश्यक विद्युतको भएको उनको भनाइ छ । यो ठाउँ पर्यटकका लागि निकै आकर्षक रहेको र बेला-बेला आन्तरिक पर्यटक पुग्ने तर बिजुलीको सुविधा नहुँदा बास नबसी फर्कने गरेका छन् ।



## संक्षिप्त समाचार

### रूसी जेल कर्मचारी आइएस कैदीको नियन्त्रणमा

(रासस / एएफपी)

**मस्को,** असार २/दक्षिणी रसियाको रोस्तोभको जेलमा इस्लामिक स्टेट ( आइएस)का कैदीहरूले दुई जना जेलका कर्मचारीलाई बन्धक बनाएको रोस्तोभ जेलले आइतबार जानकारी गराएको छ । 'रोस्तोभ क्षेत्रको हिरासत केन्द्र नम्बर एकमा कैदीहरूले दुई जेल कर्मचारीलाई बन्धक बनाएका छन् ।' 'बन्धकको रिहाइका लागि वार्ता भइरहेको छ,' जेल प्रशासनले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । राष्ट्रिय समाचार संस्था, तासका अनुसार बन्धक बनाउनेहरू आतङ्कवादको आरोपमा अदालतमा उपस्थित गराउन बाँकी रहेका आइएसका सदस्यमध्ये हुन् । जिहादी संगठनले दावी गरेको थुप्रै आक्रमणका लागि रूस लक्षित भएको छ । मस्को नजिकैको कन्सर्ट हलमा बन्दुकधारीहरूले मार्च २२ मा गोली चलाउँदा कम्तिमा १ सय ४४ जनाको मृत्यु र सयौँभन्दा बढी घाइते भएका थिए । यो आक्रमण दुई दशकमा रूसी भूमिमा भएको सबैभन्दा घातक आक्रमण थियो । आइएसले आक्रमणको जिम्मेवारी लिएको थियो । त्यसपछि पूर्व सोभियत गणतन्त्र ताजिकिस्तानका चार संदिग्ध आक्रमणकारीसहित २० जनाभन्दा बढीलाई पक्राउ गरिएको हो ।

## निस्दीमा जिप दुर्घटमा ९ घाइते




पाल्पा, असार २/जिल्लाको निस्दी गाउँपालिका- ४ स्थित झ्यांलिङ कच्चि सडक खण्डमा जिप दुर्घटना भएको छ । होराईजन डेण्टल अस्पताल रामपुर पाल्पाबाट भिरपानीमा डेण्टल सम्बन्धी शिविरमा गई फर्कने क्रममा रामपुरतर्फ आँउदै गरेको बा १५ च ५९४ नम्बरको स्कर्पियो दुर्घटना भएको हो । दुर्घटनामा गाडीमा सवार चालकसहित ९ जना घाइते भएका छन् । घाइते हुनेहरुमा रामपुर नगरपालिका- ५ का २१ वर्षीया डोल्मा खण्डाल, रामपुर -९ की २८ वर्षीया रचना राना, रामपुर- ५ कै २० वर्षीया अनिषासिंह ठकुरी, सोही ठाउँकी २३ वर्षीया ममता श्रेष्ठ, रामपुर-७ की २० वर्षीया सविना राना, रामपुर -४ की १९ वर्षीया श्रृया रुचाल, रामपुर -५ की १९ वर्षीया दिपा हिस्की मगर, चालक सोही ठाउँ बस्ने ३० वर्षीय मोहन अर्याल, रामपुर- ५ का ३४ वर्षीय शंकर श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । घाइतेहरुको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको छ । गाडी आफै अनियन्त्रत भई सडकको बाँया साईडको भित्तामा ठक्कर खान जाँदा दुर्घटना हुन पुगेको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## आज बक्र ईद, देशभर सार्वजनिक बिदा

**पाल्पा,** असार २/देशभरका इस्लाम धर्मालम्बीहरुले आज हर्सोउल्लासका साथ बक्र ईद (उल अजहा) पर्व मनाउँदै छन् । इस्लाम पात्रो 'हिजारी सम्वत' अनुसार नयाँ वर्षको 'जुल हिज्जा' महिनाको १० औं दिन यो पर्व मनाउने गरिन्छ । यस दिन बिहान सबेरै उठेर नुहाइ धुवाई गरी शुद्ध हुने र खुला स्थान वा मस्जिदहरूमा गई नमाज पढ्नुका साथै अङ्गालोमा बाँधिएर एक आपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ । नवाज पढेर घर फर्किएपछि खसी, बाखा, राँगा र भैँसीको कुर्बानी (वली) दिने परम्परा छ । वली दिइएको पशुको मासु तीन भाग लगाइन्छ, त्यसमध्ये एक भाग आफ्नोलागि अर्को एक भाग आफ्ना नजिकका मित्रलाई र अन्तिम तेस्रो भाग गरिब तथा असहायलाई दिने गरिन्छ ।

यो पर्व इदुलफित्र पछिको दोस्रो ठूलो चाड हो । रमजान पर्वको ७० औं दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिस हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिने गर्दछन् । धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माईललाई कुर्बानी गर्नुपर्ने आदेशलाई पालना गर्दा अल्लाह प्रशन्न भएर इस्माईलको कुर्बानी नभएर स्वर्ग (जनन्त) मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यतालाई अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको पाइएको छ । निसन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मनन्नत मागेका थिए र भनेका थिए यदि अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु । सोहीअनुरुप अल्लाहले निजको परीक्षणस्वरुप सपनामा कुर्बानी गर्नु पर्छभन्दा उनले धेरै जनावर कुर्बानी त गरे तर अल्लााह खुशी भएका थिएन । अन्तिममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेका थिए । यस घडीमा उनको परीक्षण सफल सावित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो । आज पर्व मनाउनका लागि मुसलमान समुदाय तयारीमा जुटेका छन् ।



पर्वको अवसरमा सरकारले आज देशभर सार्वजनिक बिदा समेत दिएको छ । शुक्रबार गृह मन्त्रालयले एक सूचना जारी गर्दै इस्लाम धर्मालम्बिहरुको पर्व बक्र ईदमा सार्वनजिक बिदा दिने जानकारी दिएको थियो ।

ईदका दिन सार्वजनिक बिदा दिने निर्णय भएको गृहमन्त्रालयका सहसचिव/प्रवक्ता नारायणप्रसाद भट्टराईले शुक्रबार विज्ञप्तिमार्फत जानकारी गराएका हुन् । 'मिति २०८०/१०/२९ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार इस्लाम धर्मावलम्बीहरुको पर्व बक्र ईद (उल-अजहा) का दिन सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा उक्त पर्वको अवसरमा मिति २०८१ साल असार ३ गते सोमबार सार्वजनिक बिदा दिने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ ।

# शिक्षा

## बौद्ध विश्वविद्यालयको रजिस्ट्रारमा आचार्य नियुक्त



लुम्बिनी बौद्ध विश्वविद्यालयको रजिस्ट्रारमा डा.तिलकराम आचार्य तेस्रो कार्यकालका लागि नियुक्त भएका छन् । कुलपतिसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आचार्यलाई तेस्रो कार्यकालका लागि रजिस्ट्रारमा नियुक्त गरेका हुन् ।

रजिष्ट्रार छनोटका लागि राष्ट्रिय योजना आयोगका सदस्य डा.रमेश पौडेलको अध्यक्षतामा तीन सदस्यीय समिति बनेको थियो । जसमा मध्यपश्चिम विश्वविद्यालयका पूर्व उपकुलपति प्राडा उपेन्द्र कोइराला र प्राडा पुष्कर बज्राचार्य थिए । समितिले खुला रूपमा आवेदन आह्वान गरेको थियो । रजिस्ट्रारका लागि ९ जनाले आवेदन दिएका थिए । पहिलो नम्बरमा सिफारिस भएका आचार्यलाई उपकुलपति प्रा.डा.सुवर्णलाल बज्राचार्यले रजिष्ट्रार नियुक्तिका लागि कुलपति समक्ष सिफारिस गरेका थिए । सोही आधारमा कुलपति प्रचण्डले शुक्रबार आचार्यलाई रजिस्ट्रारमा नियुक्त गरेका हुन् । यसअघि उनी दुई कार्यकाल लुम्बिनी बौद्ध विश्वविद्यालयको रजिष्ट्रार बनिसकेका थिए ।

*-रातोपाटी डटकम*

## लेबोरेटरी विद्यालयलाई बन्द नगर्न माग




लेबोरेटरी माध्यमिक विद्यालयले बन्द नगर्न माग भएको छ । लेबोरेटरी माध्यमिक विद्यालयका पूर्वअध्ययनरत विद्यार्थीहरूले एक भेलाको आयोजना गरी उक्त विद्यालयलाई बन्द नगर्न माग गर्नु भएको हो । हाल सो विद्यालयको विषयलाई लिएर नकारात्मक क्रिया-प्रतिक्रियाहरूका सन्दर्भमा सोही विद्यालयबाट विसं २०४१ मा प्रवेशिका परीक्षा दिनुभएका विद्यार्थीहरूले गत जेठ ३२ गते शुक्रबार काठमाडौंमा भेलाको आयोजना गरी बन्द नगर्न आग्रह गर्नु भएको हो ।

शिक्षामा सर्वाधिक योगदान पुऱ्याएको विद्यालयको अस्तित्वलाई नै समाप्त पार्नेगरी विभिन्न सञ्चारमाध्याममा आएका समाचारहरूका बारेमा विभिन्न कोणबाट छलफल भएको भन्दै स्कुलको सुरुवाती चरणदेखिका काजपत्र हेर्न आग्रह गर्नु भएको छ । विसं २०१३ मा स्थापित लेबोरेटरी स्कुल विगतमा अति उच्च मर्यादा कायम गर्दै हरेक प्रवेशिका परीक्षाहरूका उच्चतम १० स्थानमध्येमा धेरै स्थान हासिल गर्दै आएको छ । सो विद्यालयले विद्यार्थीहरूलाई कसरी पढाउनुपर्दछ भनी विभिन्न उदाहरण प्रस्तुत गरी अन्य विद्यालयहरूलाई समेत सहयोगी हातको बाटो देखाउने उद्देश्यले स्थापित यो विद्यालयले इतिहासमा अतुलनीय योगदान पुऱ्याएको सो भेलाले निष्कर्ष निकालेको छ ।

भेलाले सो निर्णयसँगै विगत सरकारले गरेका वचनबद्धताको पनि स्मरण गर्न आग्रह गर्दै विज्ञप्ति प्रकाशन गरेको छ । तत्कालीन श्री ५ को सरकार 'नेपाल सरकार' ले विद्यालयका शिक्षकहरूलाई आधुनिक शिक्षण पद्धति सिकाउने उद्देश्यले २०१३ सालमा डेमोन्स्ट्रेसन स्कुल स्थापना गरेको थियो । त्यो स्कुल त्रिभुवन विश्वविद्यालयको शिक्षण अभ्यास गर्नसमेत प्रयोग गरिन्थ्यो । पछि त्यही स्कुललाई लेबोरेटरी माध्यमिक विद्यालय बनाइयो । शिक्षा मन्त्रालयले २०२० सालमा हाल विद्यालय परिसर रहेको जग्गाहरू आफ्नै मातहतमा लिई अमेरिकी सरकारको सहयोगमा विद्यालय भवनलगायत संरचनाहरू निर्माण गरेको थियो ।

पछि २०२३ सालमा लेबोरेटरी माविलाई सोही ठाउँमा स्थानान्तरण गरी शिक्षा मन्त्रालयअन्तर्गतको कलेज अफ एजुकेशनको अंगका रूपमा विद्यालय सञ्चालन र व्यवस्थापन गर्दै आएको थियो । २०२८ सालमा नयाँ शिक्षा पद्धति लागू भएपछि कलेज अफ एजुकेशन त्रिविमा गाभिएको थियो । लेबोरेटरी माविमा स्कुल स्तरको मात्र पढाइ हुने भएकाले शिक्षा मन्त्रालयअन्तर्गत रही सञ्चालन हुँदै आएको थियो । शिक्षा 'सातौं संशोधन' नियमावली, २०३७ लागू भएपछि निजी तथा आवासीय विद्यालयहरूलाई सरकारी अनुदान तथा आर्थिक सहयोग रोकिन गयो । त्यसपछि विद्यालयले आफ्नै स्रोतबाट विद्यालय सञ्चालन एवं व्यवस्थापन गर्दै आएको थियो । पछि विद्यालयको भरपर्दो आर्थिक स्रोत नभएको र भवनलगायत भौतिक संरचनाहरू जीर्ण भई विद्यालयको पठनपाठन र व्यवस्थापनमा समस्या आएपछि तत्कालीन मन्त्रिपरिषद्को बैठकको निर्णयानुसार शिक्षा तथा खेलकुद मन्त्रालयले २०५७ साउन १३ मा नेपाल शिक्षा समाजसँग सम्झौता गरेर १५ वर्षका लागि जिम्मा दिएको थियो । शिक्षा मन्त्रालयले समाजसँग १३ बुँदे सम्झौता गरेको थियो ।

नेपाल शिक्षा समाजसँगको सम्झौताको अवधि समाप्त भएपछि विद्यालय व्यवस्थापनको जिम्मा मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको निर्णय अनुसार शैक्षिक गुठीमा हस्तान्तरण भएको थियो । २०६२ पुस १७ मा लेबोरेटरी स्कुल सार्वजनिक शैक्षिक गुठीलाई हस्तान्तरण भई हाल सोही सार्वजनिक शैक्षिक गुठीमार्फत् विद्यालयको सञ्चालन र व्यवस्थापन हुँदै आएको छ । विद्यालयले भोगचलन गर्दै आएको उक्त जग्गाको भोगाधिकार दर्ता प्रक्रियाको लागि जिल्ला शिक्षा कार्यालय काठमाडौंले नेपाल शिक्षा मन्त्रालय विद्यालय सम्पत्ति व्यवस्थापन शाखालाई २०७१ असार १५ मा पत्राचार गरेको थियो । हाल अरू अवैध कब्जावालाले जग्गा कब्जा गरेकै जस्तो सूचीमा लेबोरेटरी स्कुललाई राखी हल्ला फैलाइनु र त्रिविमा नियुक्त समय-समयका पदाधिकारीहरूबाट स्कुल हटाउने धारणा आउनु चिन्ताको विषय बनेको पूर्वविद्यार्थीहरूको भनाइ रहेको छ । त्रिविको जग्गा कब्जा गरी बसेका गाडी पार्किङ, होटल, रेस्टुरेण्टहरू जस्तैकै हाराहारीमा राखेर लेबोरेटरी स्कुललाई विवादित बनाइनु कदापि स्वीकार्य नहुने पूर्वअध्ययनरत विद्यार्थीहरूले बताउनु भएको छ ।

प्रा.डा.शान्तिकृष्ण अधिकारी, विमलकुमार प्रधान, प्रदीप प्रधान, सन्तोष तिमल्सिना, सुधीर पाण्डे, निरजबहादुर शाहीलगायतले मुलुकका उच्च ओहोदामा पुग्न सफल र देशका निम्ति योगदान पुऱ्याउन योग्य हजारौं व्यक्तिहरू उत्पादन गरेको विद्यालयको अस्तित्व नै नामेट गराउने उद्देश्यले सक्रिय भएकाहरूको गतिविधिले दुःखी बनाएको बताउनु भएको छ । रेणु गुरुङ, सुमन श्रेष्ठ, सञ्जय खेतान, अजयवादे श्रेष्ठ, सुनिता श्रेष्ठ, हरिकृष्ण श्रेष्ठ, धनलक्ष्मी महर्जन, उषा महर्जन, राजमोती महर्जनलगायते विद्यालय शिक्षामा योगदान रहेको कुरा समाज र सरकार कसैले भुल्न नहुने भन्दै त्रिवि जोगाउन समाज जसरी अग्रसर हुन्छ, यो विद्यालयको संरक्षणमा त्रिवि नै सक्रिय हुनुपर्ने उहाँहरूको धारण छ । सुनिता श्रेष्ठ, सिरु गोर्खाली, अञ्जलि श्रेष्ठ, कञ्चन वैद्य, सुनिता भट्टचन, पुष्प महर्जन, भूषण मल्ललगायतले केही राजनीतिक स्वार्थी समूह र केही व्यापारिक उद्देश्य बोकेकाहरूको कब्जामा निश्चय नै यो विद्यालय रहनु हुँदैन उहाँहरू भन्नु हुन्छ । ऐतिहासिक विद्यालयलाई समाप्त पार्ने काम कसैले गर्दछ भने सो विद्यालयको रक्षाका लागि हरबखत सक्रिय रहने सो भेलाले निष्कर्ष निकालेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उक्त भेलाले लेबोरेटरी विद्यालयलाई बन्द नगर्न, त्रिवि आफैंले सञ्चालन गरी त्रिविका शिक्षाशास्त्रका उत्पादनहरूलाई प्रयोगात्मक कक्षा लिने गरी प्रबर्द्धन गर्न वा नेपाल सरकारले नमुना सामुदायिक विद्यालयका रूपमा निरन्तरता दिन माग गर्नु भएको छ ।

*-इहिमालय टाइम्स डटकम*

## शान्ति शिक्षा अभियानले २५ सय विद्यार्थीलाई दियो वर्षभरि पुग्ने हस्तलेखन पुस्तिका




शान्ति शिक्षा अभियान नेपालले ललितपुर जिल्लास्थित महालक्ष्मी नगरपालिका भित्रका १४ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई कपी 'हस्तलेखन पुस्तिका' वितरण गरेको छ ।

अभियानका अध्यक्ष रबिन्द्रमहर्जनका अनुसार कक्षा २, ३, ४ र ५ का २५ सय विद्यार्थीहरुलाई वर्षभरि पुग्ने अंग्रेजी र नेपाली हस्तलेखन पुस्तिका निःशुल्क वितरण गरिएको हो ।

कार्यको महालक्ष्मी नगरपालिकाकी उप प्रमुख लक्ष्मी महर्जनको प्रमुख आतिथ्यतामा महेन्द्र आदर्श माविका प्रधानाध्यापक एकबहादुर भण्डारीलाई हस्तान्तरण गरी शुभारम्भ गरिन् ।

नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा हस्तलेखन प्रशिक्षण पश्चात संस्थाले हस्तलेखन पुस्तिका वितरण गरिएको हो । संस्थाले वितरण गरिएका पुस्तिकाहरुमा दैनिक एक पाना नेपाली उखान टुक्का लेख्नु पर्ने भएकाले विद्यार्थीहरुको नेपाली भाषागत ज्ञान पनि बढ्ने विश्वास लिएको अध्यक्ष महर्जनले बताए । साथै पुस्तिकाको पछाडिको पानामा संस्थाकी सचिव एवं विश्व कीर्तिमानी आरोही कल्पना महर्जनले सगरमाथाको शिखरबाट उद्घोष गरेको बालविवाह रोकथाम अभियानबारे विस्तृत सन्देशसमेत प्रचार गरिएको छ ।

सय दिनपछि विद्यार्थीहरुले लेखेका पुस्तिकाहरूको मूल्यांकन गरी प्रत्येक तहगत कक्षाबाट छात्र तथा छात्राहरुलाई पुरस्कृत गरिने संस्थाले जनाएको छ । यस संस्थाले आफ्नो स्थापनाकालदेखि काठमाडौं, ललितपुर, दोलखा र काभ्रे जिल्लामा भौतिक संरचना सुधार गर्ने, शिक्षक प्रशिक्षण र देशी तथा विदेशी स्वयंसेवक परिचालन गरी सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा अभिवृद्धि कार्यक्रमहरु संचालन गर्दै आइरहेको जनाएको छ ।

संस्थाले महालक्ष्मी नगरपालिका ४ स्थित आफ्नै नाममा दर्ता रहेको जग्गामा निर्माणाधीन बहुउध्येश्यिय स्रोत केन्द्र तथा पुस्तकालय भवनमा शैक्षिक परामर्श एवं विभिन्न सीपमुलक तालिमहरु समेत संचालन गर्ने संस्थापन अध्यक्ष महर्जनले बताए ।

*-हाम्रा कुरा डटकम*

## बजेटमा शिक्षा क्षेत्र प्राथमिकता नपरेको गुनासो




नेपाल राष्ट्रिय शिक्षक संगठनले नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेटमा शिक्षा क्षेत्र प्राथमिकतामा नपरेको गुनासो गरेको छ ।

बजेटमा शिक्षा क्षेत्र प्राथमिकता नपरेको शिक्षक संगठनको गुनासो संगठनले मंगलबार ललितपुरमा पत्रकार सम्मेलन गरेर शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत विनियोजनको माग उठ्दै आए पनि १० दशमलव ९४ प्रतिशतमात्र विनियोजन भएकामा गुनासो गरेको हो । संगठनका अध्यक्ष विष्णुप्रसाद भण्डारी र महासचिव हंशबहादुर शाहीले जारी गरेको प्रेस विज्ञप्तिमा शिक्षक, प्रारम्भिक बालविकास शिक्षक र कर्मचारीको सेवा सुविधावृद्धि नभएको, दिवा खाजाको रकम वृद्धि नभएको र शिक्षक दरबन्दी व्यवस्थापनको विषय समावेश नभएको जनाइएको छ । संगठनले राजनीतिक दलमा शिक्षकहरुको संलग्नताका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकहरूको राजनीतिक अधिकारसहितको ट्रेड युनियन अधिकारलाई नियन्त्रण गर्ने गरी परिपत्र गरेकामा ध्यानाकर्षण गराएको छ । संगठनले यही जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ वैज्ञानिक नभएकाले पहिला विद्यालय शिक्षा ऐन जारी गरेर नियम बनाउन माग गरेको छ । साथै संगठनले नेपाल शिक्षक महासंघको हालै सम्पन्न महाधिवेशनप्रति असहमति जनाउँदै लोकतान्त्रिक पद्धतिअनुरूप नेतृत्व चयन गर्न माग गरेको छ ।

*-इकान्तिपुर डटकम*

## 'सानै छु, बढ्न देऊ, बालविवाह होइन, पढ्न देऊ'



सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ मा 'सानै छु, बढ्न देऊह बालविवाह होइन, पढ्न देऊ' अभियान सञ्चालन गर्ने भएको छ ।

शनिबार प्रदेशसभामा आर्थिक मामिलामन्त्री सुरेन्द बहादुर पालद्वारा आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेटमा उक्त अभियान सञ्चालन गर्ने उल्लेख छ । स्थानीय तहसँगको साझेदारीमा सञ्चालन हुने अभियानका लागि दुई करोड बजेट विनियोजन गरिएको मन्त्री पालले बताए । प्रदेशभित्रका १० हजार किशोरकिशोरीलाई यौनजन्य हिंसा र बालविवाहविरुद्ध अभिमुखीकरणका लागि आवश्यक बजेट विनियोजन गरिएको उनले जानकारी दिए । विशेष संरक्षणको आवश्यकता भएका हिंसा तथा जोखिममा परेका बालबालिकाका लागि 'प्रदेश बाल कोष' स्थापना गरिने उनको भनाइ छ । महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहार अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपाय अवलम्बन गरिने बजेटमा उल्लेख गरिएको छ । लैङ्गिक हिंसा निवारण लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सुरक्षा निकायसँगको साझेदारीमा सचेतना कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । महिलालाई उद्यम र रोजगारीतर्फ प्रोत्साहन गर्न 'द्वारिकादेवी ठकुरानी महिला सशक्तीकरण कार्यक्रम' सञ्चालनका लागि बजेट विनियोजन गरिएको मन्त्री पालले बजेट भाषणमार्फत बताएका छन् ।

**दलित अधिकार दशक घोषणा**

२०८१ देखि २०९० सालसम्मलाई दलित अधिकार दशक घोषणा गरी दलितहरूको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको अध्ययन गरी गुरुयोजना तयार गरिने बजेटमा उल्लेख छ । 'दलित विकास समिति' गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न 'टीकाराम पार्की दलित विकास सशक्तीकरण कार्यक्रम' सञ्चालन गरिने तथा सो कार्यक्रम सञ्चालनका लागि प्रदेशका नौवटै सामाजिक विकास कार्यालयमा आवश्यक बजेटको व्यवस्था गरिएको मन्त्री पालले बताए । सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३१ अर्ब ६२ करोड ९८ लाख ५८ हजारको बजेट ल्याएको छ । सरकारले बजेटमा भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतलाई प्राथमिकतामा राखेको छ ।-**रासस**

# पेट्रोलियम पदार्थको मूल्य घट्यो



**पाल्पा,** असार २/पेट्रोलियम पदार्थको मूल्य घटेको छ । भारतबाट नयाँ मूल्यसूची आएपछि नेपाल आयल निगमले पेट्रोलमा ३ रुपैयाँ र डिजेल/मट्टितेलमा १-१ रुपैयाँ घटाएको हो ।

नेपाल आयल निगम सञ्चालक समितिको शनिबार बसेको बैठकले इन्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य प्राप्त भएअनुसार पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको थियो ।

नयाँ मूल्य शनिबार मध्य रातिदेखि लागू भएको निमगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । खाना पकाउने ग्यास र हवाई इन्धनको मूल्य भने यथावत राखिएको छ ।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैयाँ ५० पैसा तोकेको छ । यसअघि पेट्रोलको १ सय ६५ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ६४ पर्ने छ । यहाँ पनि यस अघि १ सय ६७ रहेको थियो । यस्तै तेस्रो वर्गका लागि एक सय १६५ तोकेको छ । यस अघि यहाँ १ सय ६८ थियो । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ४९ रुपैयाँ ५० पैसा पर्ने छ । यस अघि १ सय ५० रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ५१ पर्ने छ । यहाँ यस अघि १ सय ५२ थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ५२ कायम भएको छ । यस अघि १ सय ५३ रहेको थियो ।

पहिलो वर्ग अन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपाय रहेका छन् ।

# आज विश्व खडेरीविरुद्धको संघर्ष दिवस

**पाल्पा,** असार २/विश्व मरुभूमीकरण तथा खडेरीविरुद्धको संघर्ष दिवस आज विभिन्न कार्यक्रम गरी मनाईंदैछ । बढ्दो मरुभूमीकरण र खडेरीविरुद्ध विश्व समूदायमा जनचेतना फैलाउन र ऐक्यवद्धता कायम गर्नका लागि सन् १९९५ देखि हरेक वर्ष जुन १७ का दिन विश्वभर यो दिवस मनाउने गरिएको छ । यो दिवसले खाद्य सुरक्षादेखि वातावरणीय मुद्दा, भू-संरक्षणलगायत विभिन्न विषयमा विश्व समुदायमाझ निरन्तर सन्देश प्रवाह गर्दै आएको छ। जमिनको खण्डीकरण र मानवीय व्यवहारका कारण जलवायु परिवर्तनलाई सहयोग पुगेको छ भने, त्यसको असर प्रकृतिक सम्पदा तथा मानव समुदायमा पर्न थालेको छ । खडेरीलाई प्राकृतिक असरका रुपमा पनि व्याख्या गर्ने गरिएको छ । स्थानीय मौसममा फेरबदल हुँदा भूमिको उत्पादक क्षमता घटेर उर्वर भूमि क्रमश: अनुत्पादक हुन थालेका छन् । संयुक्त राष्ट्र संघको दिगो विकासको लक्ष्यका पुरा गर्नका लागि पनि यो दिवस महत्वपूर्ण मानिएको छ । मानव जनसंख्याको वृद्धिसँगै पछिल्ला शताब्दीमा भूमिको वितरण, विभाजन अनि उपयोग वास्तवमै दु:खदायी तवरले भएको विश्व मानचित्रका लगभग सबै देशहरू खडेरी र मरुभूमी करणको ढिलो-चाँडो जोखिममा छन् । नेपालमा त झन् हामीलाई मलिलो उर्वर खेतबारी भन्दा कङ्क्रिटको जङ्गल ठ्याउन घडेरीको मोहमा वृद्धि हुन थालेको छ । घडेरी जोडेर घर बनाएर बस्नमा हामीले जीत त सम्झन्छौं तर खेत अनि तिनको उत्पादकत्वले हाम्रो भान्सामा आगो बलेको र पेटको भोक शान्त पार्छ भन्ने कुरा हामीले बुझेर पनि बुझ पचाई रहेका छौं ?

# सास्तीमा ...

...घर्ती मगरले भने, 'तल बेँसी (निसी गाउँ)बाट मोबाइल चार्ज गरेर ल्यायो भने दुई दिनसम्म चल्छ, त्यसपछि बन्द हुन्छ, आफन्तसँग कुराकानी पनि गर्न पाइँदैन, रातिमा दियालो बाल्छौं, त्यही पनि वनबाट ल्याउन दिँदैनन् ।' निसेलढोरवासीले सामान्य विकासको महसुस समेत गर्न पाएका छैनन् । यहाँ कक्षा ५ सम्मको पढाइ हुन्छ तर विद्यालयको अवस्था भने निकै नाजुक छ । गाउँको विद्यालयमा कक्षा पाँचभन्दा माथिको पढाइ नहुँदा धेरै बालबालिकाले त्यसभन्दा माथिल्लो तहको अध्ययन गर्न वञ्चित भएको स्थानीय कुँडेढोर प्राथमिक विद्यालयका शिक्षक रुद्रबहादुर विकले बताए । प्राथमिक तहभन्दा माथिको अध्ययनका लागि धेरै टाढा जानु पर्ने हुँदा धेरै बालबालिकाले विद्यालय छोड्ने र सानै उमेरमा विवाह गर्ने गरेको उनको भनाइ छ । गाउँमा पाँच उत्तीर्णपछि त्यसभन्दा माथिल्लो तहको अध्ययनका लागि ढोरपाटन नगरपालिकाको बोबाङ, निसीखोलाको ज्ञानेन्द्र मावि र बुर्तिबाङ जानु पर्ने बाध्यता छ । ती विद्यालयमा पुग्न एक दिनभन्दा बढी समय लाग्छ । निसेलढोर आलु, स्याउ र सिमी उत्पादनका लागि प्रख्यात भए पनि बजारीकरणमा भने समस्या छ । यहाँको नजिकको मुख्य बजार बुर्तिबाङ हो । किसानले उत्पादन गरेको वस्तु बोकेर बजार पुर्‍याउन एक दिनभन्दा बढी लाग्छ । निसेलढोरवासीको मुख्य आम्दानीको स्रोत पशुपालन र कृषि नै हो । सडकको सहज पहुँच नहुँदा जीवन निर्वाहमा समस्या हुने स्थानीय प्रेमकुमारी घर्ती मगर बताउन्छन् । यहाँका अधिकांश स्थानीयले आलु बेचेरै जीवन धान्दै आएको उनको भनाइ छ । एकै परिवारले एक सय मुरीसम्म आलु उत्पादन गरे पनि बजार पुर्‍याउन नसकिएको घर्तीले गुनासो गरे ।

'गाउँका धेरै मान्छेले बारीमै काम गर्छन्, यहाँ त्यो बाहेक अरु केही रोजगार छैन, पहिले-पहिले धेरै मान्छेहरु निसीमा बस्थे, यहाँ थोरै मात्रै हुन्थे, सडक गाउँमा आयो भनेर धेरै यतै बस्न थाले तर अहिले सडक आएको खासै उपलब्धि भएन' घर्तीले भने- 'यो त पर्यटकीय ठाउँ पनि हो, बेला-बेला स्वदेशी र विदेशी पर्यटक आउँछन्, तर बाटोको खराब अवस्था देखेर अर्को पटक आउँदैनन् ।' निसेलढोरमा अझ बढी समस्या त स्वास्थ्यमा छ । नागरिकको स्वास्थ्य उपचारका लागि भन्दै निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेर एक जना अनमी राखेको छ । एक जना अनमीले गाउँका बिरामीलाई सामान्य औषधि दिए पनि उपचारका लागि बुर्तीबाङ बजारमै झर्नु पर्ने अवस्था छ । निसेलढोरबाट बुर्तिबाङ बजार आउनका लागि हिँडेर करिब आठ घण्टा लाग्छ भने गाडीमा चार घण्टा लाग्छ ।

गाउँमा गतिलो अस्पताल नहुँदा कतिले अस्पताल लैजाँदै गर्दा बाटोमै ज्यान गुमाउनु परेको स्थानीय खिमकुमारी विकले बताइन् । गाउँको सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थित नभएको उनको भनाइ छ । खिमकुमारीले भनिन् 'पोहोरसम्म गाउँमा कुनै पनि उपचार गर्ने ठाउँ थिएन, अहिले गाउँपालिकाले सामुदायिक स्वास्थ्य इकाई सुरु गरेको छ, सामान्य घाउ चोटपटक लाग्यो भने सामान्य औषधि र उपचार हुन्छ ।' अलि ठूलो बिरामी भए बुर्तिबाङ, पोखरा काठमाडौं जानु पर्ने अवस्था छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती मगरले निसेलढोर भौगोलिक हिसाबले विकट हुँदा विकासमा पछाडि परेको बताए । गाउँपालिकाको स्रोत साधनले भ्याएसम्म विकास गर्ने प्रयास गरेको उनको भनाइ छ । ठूलो बजेट लाग्ने हुँदा अहिलेसम्म निसीखोलादेखि सिधा सडक सञ्जालले जोड्न नसकेको अध्यक्ष घर्ती मगरको भनाइ छ । यस ठाउँको विकासका लागि प्रदेश र केन्द्र सरकारसँग पनि सहकार्य गर्ने उनले बताए । पालिकाको बजेट सीमित हुने हुँदा चाहेर पनि निसेलढोरको विकास गर्न नसकिएको उनी स्वीकार गर्छन् । 'पहिलेदेखि नै यो ठाउँमा राज्यको नजर पर्न सकेन, पर्यटकीय हिसाबले धेरै सम्भावना बोकेको छ,' अध्यक्ष घर्ती मगरले भनिन्- 'शिकार आरक्ष पनि यही क्षेत्रमा पर्ने हुँदा बेलाबेला बाह्य पर्यटकको आगमन हुन्छ, उनीहरुलाई थप आकर्षित गर्नका लागि धेरै काम गर्नु पर्ने हुन्छ, यसको विकासको लागि केन्द्र सरकारको प्राथमिकतामा पर्नुपर्छ, तीनै तहको सरकारबाट लगानी गर्न सकियो भने भविष्यमा यो क्षेत्र देशकै नमूना बन्नेछ ।'

## खेलकुद समाचार

# अस्ट्रेलियाले स्कटल्याण्डलाई हरायो



एजेन्सी

**काठमाडौ**, असार २/आईसीसी टी-२० विश्वकप क्रिकेटमा अस्ट्रेलियाले स्कटल्यान्डलाई पाँच विकेटले हराएको छ । हारसँगै स्कटल्यान्ड सुपर आठमा पुग्न असफल भएको छ । अस्ट्रेलियाको जितसँगै साविक विजेता इंग्ल्यान्ड सुपर आठमा पुगेको छ । टस हारेर पहिला ब्याटिङ गरेको स्कटल्यान्डले अस्ट्रेलियालाई जितका लागि एक सय ८१ रनको लक्ष्य दिएको थियो । अस्ट्रेलियाले दुई बल बाँकी छँदै पाँच विकेट गुमाएर भेट्टायो । स्कटल्याण्डले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ८० रन बनाए पनि जोगाउन सकेन । यो खेलमा अस्ट्रेलिया विजयी भएमा इंग्ल्यान्ड सुपर आठमा पुग्ने समिकरण थियो । अस्ट्रेलिया यसअघि नै सुपर आठमा पुगिसकेको थियो । अस्ट्रेलिया चार खेलमा आठ अंकसहित समूह 'बी' को शीर्ष स्थानमा छ । इंग्ल्यान्ड चार खेलमा पाँच अंकका साथ दोस्रो स्थानमा रहँदै सुपर आठमा पुग्यो । इंग्ल्यान्डले समूह चरणको आफ्नो अन्तिम खेलमा हिजो नामिबियालाई हराएको थियो । टी-२० विश्वकपमा आज बेलुका आयरल्यान्ड र पाकिस्तानबीच खेल हुनेछ । दुवै टोली सुपर आठको दौडबाट बाहिरिसकेका कारण आजको खेल औपचारिकता मात्र हुनेछ । हिजो भएको खेलमा दक्षिण अफ्रिकासँग एक रनले पराजित नेपालले ऐतिहासिक जितसहित सुपर आठमा पुग्ने सम्भावना गुमायो । नेपालले आफ्नो अन्तिम खेल सोमबार बिहान बंगलादेशसँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक १७ अंकले घट्यो




**पाल्पा,** असार २/साताको पहिलो कारोबार दिन नेप्से परिसूचक घटेको छ । आइतबार १७ दशमलव ०४ अंले नेप्से घटेको हो ।

नेप्से घटेसँगै दुई हजार ९५ दशमलव २५ को विन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय १७ कम्पनीको एक करोड ३२ लाख २३ हजार आठ सय ८४ कित्ता शेयर ७१ हजार नौ सय ९७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब ४७ करोड २२ लाख ५३ हजार पाँच सय ५१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ०४ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव ७१ र अन्य विकास बैंक समूह एक दशमलव २० प्रतिशतले घटेको छ । नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै ३० करोड ४० लाख ५३ हजार चार सय ९२ बराबरको चार लाख ७९ हजार नौ सय ८७ कित्ता शेयर किनबेच भएको छ ।


## डिभिजन वन कार्यालय पाल्पाको दररेट पेश गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०३/०३ गते*

यस कार्यालयको चा.लु आ.व. २०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न वन उपभोक्ता समूह, स्थानीय तहहरु एवं कृषकहरुबाट कृषि वन कार्यक्रम अर्न्तगत वृक्षारोपणको लागि बिरुवाको माग बमोजिम आँप, लिची र कागतीको बिरुवा प्रतिस्पर्धाको आधारमा खरिद गरि वितरण गर्नुपर्ने भएकोले निम्न बमोजिमको स्पेशिफिकेशन भएको गुणस्तरीय बिरुवा ढुवानी सहित प्रति गोटा के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? बिरुवा उपलब्ध गराउन ईच्छुक प्रचलित कानुन बमोजिम योग्यता पुगेका नर्सरी/आपूर्तिकर्ताहरु (यस कार्यालयमा नियमानुसार सूचिकृत भएका वा नभएका समेत) बाट कानुन बमोजिम आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बिरुवाको नमुना सहित जात समेत खुलाई प्रति बिरुवाको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । खरिद सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

- आँप र लिची कलमी, उमेर कम्तिमा एक बर्ष, एक फिट भन्दा माथि उचाई, पराल/जुट/प्लाष्टिकले माटो सहितको जरा बेरिएको । रोग, किरा नलागेको स्वस्थ विरुवा ।
- कागति : बिजु, १ बर्षभन्दा बढी उमेरको, कम्तिमा एक फिट उचाई भएको बहुबर्षीय, रोग, किरा नलागेको स्वस्थ, पोलिब्यागको बिरुवा ।

**डिभिजन वन कार्यालय, पाल्पा**



## हार्दिक समवेदना

जन्म
वि.सं. २००६/०५/२४



स्वर्गारोहण
वि.सं. २०८१/०२/३१

**स्व.खुमकुमारी रेश्मी**

यस जनज्योती लाङ्घाली गुठीका सदस्य, लालबहादुर रेश्मीको श्रीमती लेखबहादुर रेश्मी, विष्णुबहादुर रेश्मी, झलबहादुर रेश्मी, तुल्सी थापा, गुनी राना, ज्ञानु सिंजालीकी ममतामयी माता कानुङ मै समूहकी सदस्य राजकुमारी रेश्मी, मिना रेश्मी, सुमित्रा रेश्मीकी सासुआमा **खुमकुमारी रेश्मी** को यही मिति २०८१ जेठ ३१ गते विहिबारको दिन ७५ वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दु:खद् घडीको आज ५ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

देव बहादुर आले — कोषाध्यक्ष
गुन बहादुर कनौजे — सचिव
मान बहादुर खाम्चा — अध्यक्ष
बन्दना राना खड्का — कोषाध्यक्ष
निर्मला राना सारु — सचिव
मिना सिंजाली पचभैया — अध्यक्ष

एवं

**जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार**
तानसेन-२, मेहलधारा, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई